नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या:-२०८०/८१

च.नं. ८६

मिति २०८०/०४/१०

**विषय : परिपत्र सम्बन्धमा ।**

**श्री सङ्घीय मन्त्रालय/आयोग/सचिवालय सबै ।**

नेपाल सरकारका सबै मन्त्रालय/आयोग र सचिवालयमा कार्यरत राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीहरुको बार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्न निजामती सेवा नियमावली २०५० को नियम ७८ को उपनियम ५ बमोजिम गठन हुने पुनरावलोकन समितिमा उक्त नियमावलीको नियम ७८ को उपनियम ५(ख) मा सेवा समूह सम्बन्धी मन्त्रालयको सचिव वा निजले तोकेको मन्त्रालय/सचिवालय/आयोग वा कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य रहने व्यवस्था रहेको छ । यसमा यस मन्त्रालयले नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल विविध सेवा र नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहको हकमा सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगको कर्मचारी प्रशासन महाशाखाको सहसचिव (रा.प.प्रथम) लाई निजामती सेवा नियमावली २०५०, को नियम ७८ को उपनियम ५(ख) बमोजिम सदस्य तोकिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८०/०४/१० को निर्णयानुसार अनुरोध छ ।

मिरा आचार्य
उपसचिव

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्ने व्यवस्था गर्नुहुन ।

इमेलः internal.mgmt@mofaga.gov.np